**सम्बत् २०७५ साल पुस २ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक सुरेश प्रधानको अनिवार्य अवकास ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लक्ष्मणप्रसाद मैनालीको अनिवार्य अवकास ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - २०७५ साल पुस ११ गते बुधबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसद्को अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।
२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - उद्योग मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ मा हेरफेर गर्ने ।
३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ हेरफेर गर्ने ।
४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।
५. गृह मन्त्रालय - ८ जनवरी २०१९ मा दक्षिण सुडानको जुवामा हुने मेडल परेड कार्यक्रममा सहभागी हुन सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम के.सी.लाई स्वीकृति दिने ।
६. गृह मन्त्रालय - भारतीय सशस्त्र सीमा बलको ५५ औं बार्षिकोत्सव कार्यक्रममा सहभागी हुन सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई स्वीकृति दिने।
७. गृह मन्त्रालय - राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने ।
८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मिति २०७५ पुस ३ गते बसेको अन्तर प्रदेश परिषद्को बैठकबाट स्वीकृत संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने ।
९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ को अनुसूची १ को खण्ड (ख) को क्रमसङ्ख्या २ पछि देहायको २क. थप गरी उक्त पद अनुसूची ४ निजी सचिवायलको दरबन्दी विवरणमा थप गर्ने–
   २क. विकास व्यवस्थापन विज्ञ
१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - इन्टरनेशनल एसोसिएसन अफ प्रोसिक्युटर्स (IAP) को सदस्यता लिन महान्यायाधिवक्ताको कार्यालयलाई सहमति दिने ।
११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - लोक सेवा आयोगका माननीय अध्यक्ष र सचिवको UAE भ्रमण स्वीकृत गर्ने ।
१२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।
१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।
१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - राष्ट्रिय सहकारी विकास बोर्डको सदस्य सचिव पदमा चक्रबहादुर पराजुलीलाइ नियुक्ति गर्ने ।
१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - भूउपयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष प्रस्तुत गर्न स्वीकृति दिने ।
१६. वन तथा वातावरण मन्त्रालय - शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७५ लाई स्वीकृत गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव– मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१७. वन तथा वातावरण मन्त्रालय - जडिबुटी विकासका लागि अनुदान सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव– मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - चन्द्रगढी विमानस्थलको विस्तार तथा स्तरोन्नतिका विमानस्थल धावन मार्गको पूर्वतर्फ करिब ५३० मिटर लम्वाई र १८० मिटर चौडाइ क्षेत्रफलको जग्गा प्राप्त गर्न स्वीकृति दिने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - चलचित्रसम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पौष ९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. अर्थ मन्त्रालय - समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - औद्योगिक व्यवसाय ऐन, २०७५ को विधेयक तर्जुमाका लागी सैद्धान्तिक सहमति दिने।

३. गृह मन्त्रालय - नेपाल र संयुक्त राज्य अमेरिकाबीच पर्यटक भिसा पारस्पारिकता (Reciprocity) आगामी सन् २०१९ जनवरी १ देखि कार्यविधि बनाइ लागू गर्ने ।

४. परराष्ट्र मन्त्रालय - नेपाली राजदूत र स्थायी प्रतिनिधि नियुक्तिका लागि सिफारिस गर्ने र केही मुलुकमा कार्यरत राजदूतहरूलाई फिर्ता बालाउने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सार्वजनिक यातायात व्यवस्थापन सम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - नेपाल सरकारले प्रदेश र स्थानीय तह एवं निजी क्षेत्रसमेतको लागत सहभागितामा कम्तिमा ३०० वटा विद्युतीय बसहरू खरिद गर्न नीतिगत सहमति प्रदान गर्ने ।

७. रक्षा मन्त्रालय - महासेनानी सुदर्शन सिल्वालसमेत ३ जना महासेनानीहरुको पदावधि २०७७।९।१० सम्म थप गर्ने ।

८. रक्षा मन्त्रालय - नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापालागयतको भ्रमण दललाई भारत भ्रमणमा जान स्वीकृति दिने ।

९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ बमोजिम संलग्न अनुसुची बमोजिमको अधिकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग अन्तर्गत श्रम तथा रोजगार कार्यालयहरुलाई प्रत्यायोजन गर्ने ।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सह-न्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी, नायब महान्यायाधिवक्ताको पदमा बढुवा गरी महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन गर्ने ।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री दिनेशकुमार घिमिरेलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव (ऊर्जा) पदमा पदस्थापन गर्ने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - झापा जिल्ला महारानीझोडा, लखनपुर, सतासीधाम, शिवगंज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७५ स्वीकृत गर्ने ।

१३. सहरी विकास मन्त्रालय - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१४. सहरी विकास मन्त्रालय - जोखिमयुक्त वस्ती स्थान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१५. सहरी विकास मन्त्रालय - जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संगठन संरचना र दरबन्दी तेरिज (प्रदेश सामाजिक विकास मन्त्रालय समेत) स्वीकृत गर्ने ।

१७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संगठन संरचना र दरबन्दी तेरिज (प्रदेश र स्थानीय तह) स्वीकृत गर्ने ।

१८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गर्ने ।

१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त श्री नन्द किशोर वस्नेतलाई तीन वर्षका लागि पुनर्नियुक्ति गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस १३ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. अर्थ मन्त्रालय - सार्वजनिक निकायका सवारी साधनहरूको उपयोग र व्यवस्थापन गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ नेपाल राजपत्रमा प्रकाशन गर्ने।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ (रा.प.द्वि.प्रा.) डा. रुद्रबहादुर श्रेष्ठलाई SAARC Agriculture Centre, Dhaka मा Senior Program Specialist पदमा काम गर्न ३ वर्षकका लागि काजमा खटाउने ।

५. खानेपानी मन्त्रालय - विकास समिति ऐन, २०१३ बमोजिम गठन भएको ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति कायम राख्ने ।

६. गृह मन्त्रालय - प्रहरी (छैठौं संशोधन) नियमावली, २०७५ संशोधनका लागि सम्मानीत लोक सेवा आयोगको परामर्श माग गर्न सैद्धान्तिक स्वीकृति दिने ।

७. परराष्ट्र मन्त्रालय - नेपाल र कम्बोडिया अधिराज्यका सरकारबीच दुवै देशका कूटनीतिक तथा सरकारी राहदानी बाहकहरूलाई प्रवेशाज्ञा छुट दिने सम्बन्धी सम्झौता गर्न परराष्ट्र मन्त्री वा परराष्ट्र सचिव वा सहसचिव, दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखा, परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने ।

८. परराष्ट्र मन्त्रालय - महिलाविरुद्ध हुने सबैखाले भेदभाव उन्मुलन सम्बन्धी समिति (CEDAW) को सदस्यमा सन् २०२१-२०२४ अवधिको लागि नेपालको तर्फबाट श्री बन्दना राणाको पुनः उम्मेदवारी दिन स्वीकृति दिने ।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - 6th Sustainable Mobility for All (Sum4ALL) Consortium Meeting विषयक कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुविर महासेठलाई स्वीकृति प्रदान गर्ने ।

१०. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ स्वीकृत गर्ने।

११. युवा तथा खेलकुद मन्त्रालय - स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५ स्वीकृति गर्ने ।

१२. रक्षा मन्त्रालय - United Nations Mission in South Sudan (UNMISS) मिशन दक्षिण सुडानमा सम्पन्न हुने मेडल परेड कार्यक्रममा सहभागी हुन नेपाली सेनाका उपरथी श्री अजित वरसिंह थापालाई स्वीकृति दिने ।

१३. रक्षा मन्त्रालय - उपरथी शरदकुमार गिरीलाई रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - Memorandum of Understanding between The Government of Nepal and The Government of the Kingdom of Cambodia on Cultural Cooperation लाई अनुमोदन गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव राजु भण्डारी र उपसचिव निरन्जन खनाललाई राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा गरी राजिनामा स्वीकृत गर्ने ।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - विज्ञापन नियमन गर्ने विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१७. सहरी विकास मन्त्रालय - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ र जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ नेपाल राजपत्रमा प्रकाशन गर्ने।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - कान्ति बाल अस्पताल, महाराजगंजमा कार्यरत डा. रेनु प्रसाई (उपाध्याय) को राजिनामा स्वीकृत गर्ने ।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - कान्ति बाल अस्पताल, महाराजगंजमा कार्यरत डा. कमलराज शर्माको राजिनामा स्वीकृत गर्ने ।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - आर.आर.पि.सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक तर्जुमा गर्ने सम्बन्धी अवधारणा पत्रमा स्वीकृति दिने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस १६ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. अर्थ मन्त्रालय - निक्षेप तथा कर्जा सुरक्षण कोषको अध्यक्ष पदमा अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री लालशंकर घिमिरेलाई तोक्ने ।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - आ.व. २०७५/०७६ का लागि उखुको न्यूनतम खरिद मूल्य रु.५३६।५६ प्रति क्विन्टल निर्धारण गर्ने ।

३. वन तथा वातावरण मन्त्रालय - कैलाली र दाङ जिल्लामा बसोबासका लागि वितरण भएका जग्गामा रहेका कूलजम्मा १४१ वटा रुखहरु हटाउन र ब्यवस्थापन गर्न स्वीकृति दिने ।

४. वन तथा वातावरण मन्त्रालय - बर्दिया र कैलाली जिल्लामा मुक्त कमैयाहरुलाई जग्गाधनीपूर्जा वितरण भएको बसोवास क्षेत्रमा रहेका कूलजम्मा ५४२ वटा रुखहरु हटाउन स्वीकृति दिने ।

५. वन तथा वातावरण मन्त्रालय - माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना निर्माण गर्न अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत लमजुङ जिल्ला मर्स्याङ्गदी गा.पा.-४ मा रहेको सरकारी वनको कूलजम्मा ३.४९७५ हेक्टर जग्गा माथिल्लो स्याङ्गे हाइड्रोपावर लिमिटेडलाई बढीमा ३० वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका कूलजम्मा ४४१२ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

६. वन तथा वातावरण मन्त्रालय - बर्दघाट सुस्ता पश्चिम (नवलपरासी) र बर्दघाट सुस्ता पूर्व (नवलपरासी) जिल्लाहरूमा जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्न स्वीकृति दिने।

७. वन तथा वातावरण मन्त्रालय - Atmospheric Observatory Station स्थापनाका लागि तोकिएका शर्तहरू संशोधन गर्ने ।

८. वन तथा वातावरण मन्त्रालय - चुनढुंगा उत्खनन योजना सन्चालन गर्न उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका-८ मा अवस्थित राष्ट्रिय वन क्षेत्रको ४.४३ हेक्टर जग्गा बढीमा १० वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका ७ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

९. वन तथा वातावरण मन्त्रालय - महालक्ष्मी कोल प्रा.लि.लाई पत्थरकोइला खनिजपदार्थ उत्खनन योजना सन्चालन गर्न पाल्पा जिल्ला माथागढी गाँउपालिका-४ को १.३२ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा बढीमा ७ वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका ७ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने।

१०. वन तथा वातावरण मन्त्रालय - याम्बालिङ खोला जलविद्युत आयोजना (७.२७ मे.वा.) निर्माणका लागि गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको जुगल गाँउपालिका-३ मा परेको कूलजम्मा ३.७९ हेक्टर सरकारी वन क्षेत्रको जग्गा ३० बर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका विभिन्न प्रजातिका बढीमा ३४९ गोटा रुखबिरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

११. वन तथा वातावरण मन्त्रालय - रसुवा-भोटेकोशी जलविद्युत आयोजना (१२० मे.वा.) निर्माणको लागि लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय रसुवा र डिभिजन वन कार्यालय रसुवा अन्तर्गत रहेको विभिन्न सरकारी/राष्ट्रिय वन क्षेत्रको कूलजम्मा २३.०२ हेक्टर जग्गा बढीमा ३० वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका १३२ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

१२. वन तथा वातावरण मन्त्रालय - पाथीभरादेवी दर्शन केवलकार योजना सञ्चालन गर्नका लागि ताप्लेजुङ जिल्लाको फुङलिङ न.पा.-११ मा पर्ने पाथीभरा सिम्बु सामुदायिक वन समेतको कूलजम्मा ४.९७ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा बढीमा ३० वर्षसम्म प्रयोग गर्न दिइ तहाँ रहेका जम्मा १०२३१ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सूचना प्रविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयहरु सार्वजनिकीकरण कार्यक्रमलाई थप व्यवस्थित वनाउन ३ जना विज्ञ सहितको समूहलाई सेवा करारमा लिई काम गराउन, थप जनशक्तिका लागि कम्प्यूटर लगायतका उपकरण खरिद र पत्रकार सम्मेलनका लागि खाजा खर्च समेतका लागि आवश्यक रु.३२,२५,०००।- (वत्तीस लाख पच्चिस हजार रुपैया मात्र) अर्थ मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निकासा दिने।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - गोरखापत्र संस्थानमा सम्पादक सल्लाहकारमा गोपाल खनाललाई नियुक्ति गर्ने ।

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपाल सरकारले घोषणा गर्ने सार्वजनिक विदाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न माननीय गृहमन्त्री, माननीय सहरी विकास मन्त्री र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रहेको कार्यदल गठन गर्ने ।

१७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - साक्षर नेपाल वर्ष, २०७६ को अवधारणपत्र स्वीकृत गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - विशेषज्ञ सेवासहितको (Tertiary Hospital) अस्पतालको रूपमा रूपान्तरण गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२०. अर्थ मन्त्रालय - नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस १९ गते विहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - २८-२९ पुस २०७५ मा आयोजना हुने The Partnership Summit 2019 मा माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवको नेतृत्वमा उद्योग विभागका महानिर्देशक श्री विनोद प्रकाश सिंह र नेपाली राजदूतावास नयाँ दिल्लीका मिनिष्टर (इकोनोमिक) श्री कृष्णहरि पुष्कर कर्ण सहितको प्रतिनिधिमण्डलले भाग लिने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - निकासी पैठारी (व्यवस्थापन) ऐन, २०७५ को विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३. गृह मन्त्रालय - जग्गा प्राप्ति तथा अचल सम्पत्ति अधिग्रहण विषयको व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

४. गृह मन्त्रालय - राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम स्वीकृत गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - तथ्याङ्क विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपाल विशेष सेवा (अठारौं संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने।

७. युवा तथा खेलकुद मन्त्रालय - नेपालगञ्ज (बाँके) रंगशाला परिसरभित्र रहेको दुई कठ्ठा सात धुर जग्गा प्राप्ति गर्न राष्ट्रिय खेलकुद परिषद्लाई स्वीकृति दिने ।

८. युवा तथा खेलकुद मन्त्रालय - राष्ट्रिय खेलकुद सञ्चालन निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने ।

९. रक्षा मन्त्रालय - काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१०. रक्षा मन्त्रालय - मित्रराष्ट्र अमिरकाको Washington D.C. मा संचालन हुने Near East South Asia Centre (NESA) Senior Executive Course मा नेपाली सेनाका उपरथी गौरव तण्डुललाई सहभागी हुन स्वीकृति दिने ।

११. रक्षा मन्त्रालय - प्रमुख सेनानी राजेन्द्र श्रेष्ठसमेत ७ जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा महासेनानी चोकबहादुर ढकालसमेत १३ जना महासेनानीहरूलाई सरुवा गर्ने ।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - प्रदेशमा विनियोजित रोजगार सूचना केन्द्रको बजेट संघमा ल्याउने र पुनः स्थानीय तहलाई सशर्त हस्तान्तरण गर्ने ।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - वाइडबडी एयरबस ए ३३०-२०० खरिदसम्बन्धी जाँचबुझ गर्न आयोग गठन गर्ने ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष श्री दिगम्बर झाको राजीनामा स्वीकृत गर्ने ।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक पदमा श्री डिल्लीराम अधिकारीलाई नियुक्त गर्ने।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - दूर सञ्चार (आठौं संशोधन) नियमावली, २०७५ स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने ।

१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ७. बमोजिम अनुसूची २ हेरफेर गर्ने। (गृह मन्त्रालयको कार्यविभाजनमा सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखिकरण थप गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यविभाजनबाट हटाउने ।)

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - औचित्य र आवश्यक्ताका आधारमा विभिन्न ११ वटा विकास समितिहरू संघअन्तर्गत कायम राखी व्यवस्थापन गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस २३ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रकाशस्तम्भ भारतः कुपोषण विरुद्धको पोषण अभियान (Lighthouse India: A drive to fight Under nutrition) विषयक कार्यक्रममा सहभागी हुने राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. उषा झालाई नेपाल सरकारको कुनै आर्थिक दायित्व नपर्ने गरी सहभागी हुन स्वीकृति दिने विषयको प्रस्ताव फिर्ता गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी, आयोग र मातहत कार्यालयहरुमा दरबन्दी तथा काजमा कार्यरत निजामती, प्रहरी, संस्थान तथा अन्य सेवाका अधिकृत वा सो सरहका र सोभन्दा माथिका राजपत्रांकित कर्मचारीहरूलाई निजहरुको पदको शुरु तलबस्केलको १०० प्रतिशत र राजपत्र अनंकित र सो सरह तथा श्रेणीविहीन कर्मचारीहरुलाई निजहरुको पदको शुरु तलबस्केलको ६५ (पैंसठ्ठी) प्रतिशत मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - भारतको नयाँ दिल्लीमा आयोजना हुने Petrotech-2019 the International Oil and Gas Conference मा भाग लिन माननीय मन्त्री मातृका प्रसाद यादवको संयोजकत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डलको भ्रमण स्वीकृत गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - उदयपुर सिमेण्ट लिमिटेडको महाप्रबन्धक पदबाट श्री सुरेन्द्र कुमार पौडेलले दिनुभएको राजिनामा स्वीकृत गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सेफगार्ड्स, एन्टी–डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्ताव – मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - नेपाल आयल निगम लि.को कार्यकारी निर्देशक पदमा श्री सुरेन्द्र कुमार पौडेललाई ३ (तीन) वर्षका लागि नियुक्त गर्ने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - नेपाल-भारत सचिवस्तरीय संयुक्त जलश्रोत समित (JCWR) को भारतको नयाँ दिल्लीमा हुने आठौं बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव डा. संजय शर्मालाई नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी भाग लिन पठाउने ।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - 21 January, 2019 मा सिंगापुरमा सञ्चालन हुने रासायनिक बिषादीको बिकल्पमा जैबिक बिषादीको प्रयोग विषयक कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी बिकास मन्त्रालयका सचिव डा. युवकध्वज जि.सी. लाई स्वीकृति दिने ।

१०. गृह मन्त्रालय - नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

११. गृह मन्त्रालय - गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालको संशोधित विधान, २०७४ स्वीकृत गर्ने ।

१२. परराष्ट्र मन्त्रालय - माननीय परराष्ट्रमन्त्रीको भारत भ्रमण स्वीकृत गर्ने ।

१३. परराष्ट्र मन्त्रालय - नेपालको परराष्ट्र मन्त्रालय र जापानको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श बैठक आयोजना गर्ने सम्बन्धी सहयोगपत्रलाई स्वीकृत गर्न हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने ।

१४. परराष्ट्र मन्त्रालय - जापानी विदेशमन्त्री महामहिम श्री तारो कोनोको नेपाल भ्रमणको अवसरमा परराष्ट्रमन्त्रीद्वारा नेतृत्व गरिने वार्ताका लागि परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने।

१५. परराष्ट्र मन्त्रालय - सहसचिव श्री अमृतबहादुर राईलाई संयुक्त राष्ट्र संघ, न्युयोर्कका लागि नेपालको राजदूत/स्थायी प्रतिनिधिमा नियुक्तिका लागि सिफारिस गर्ने ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - झापा जिल्ला महारानीझोडा, लखनपुर, सतासीधाम, शिवगंज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७५ को दफा ३ को उपदफा (१) को (क) बमोजिम समितिको अध्यक्षमा शिवसतासीधाम -३ धरमपुर झापाका श्री राधाकृष्ण खनाललाई र सोही उपदफाको (ख) बमोजिम समितिको सदस्यमा हाल गौरादह नगरपालिका -५ झापाका श्री मदन प्रसाद अधिकारीलाई तोक्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने ।

१७. रक्षा मन्त्रालय - नेपाली सेनाका सहायक रथी शैलेन्द्र शम्शेर थापाको राजीनामा स्वीकृत गर्ने ।

१८. रक्षा मन्त्रालय - पाईलट उपरथी सुधिर श्रेष्ठको पदावधि थप गर्ने ।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ स्वीकृत गर्ने।

२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - बेलायतको लण्डनमा हुने The Education World Forum 2019 सम्मेलनमा भाग लिने ।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल टेलिभिजनको कार्यकारी अध्यक्ष, राष्ट्रिय समाचार समितिका पूर्णकालीन अध्यक्ष र गोरखापत्र संस्थानका कार्यकारी अध्यक्षको पारिश्रमिक तथा अन्य सेवा सुविधा कायम गर्ने।

२२. सहरी विकास मन्त्रालय - महेन्द्रनगर नगर विकास समिति विघटन गर्ने ।

२३. सहरी विकास मन्त्रालय - थाइल्याण्डको वैङ्कक शहरमा हुने High Level Ninth Regional 3R Forum in Asia and the Pacific सम्बन्धी उच्चस्तरीय सम्मेलनमा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी माननीय शहरी विकास मन्त्री मोहम्मह इस्तियाक राईको नेतृत्वको टोलीलाई भाग लिन स्वीकृति दिने ।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - औचित्य एवम् आवश्यकताका आधारमा तपसिल बमोजिमका विकास समितिहरू संघ अन्तर्गत रहने गरी कायम गर्ने ।

१. कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० बमोजिम गठित कान्ति बाल अस्पताल, काठमाण्डौ।

२. परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति (गठन) आदेश, २०४६ बमोजिम गठित परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, काठमाण्डौ।

३. शुक्रराज ट्रपिकल तथा सरूवा रोग विकास समिति (गठन) आदेश, २०४९ बमोजिम गठित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल, काठमाण्डौ।

४. सिंहदरबार बैध्यखाना विकास समित (गठन) आदेश, २०५१ बमोजिम गठित सिंहदरबार बैध्यखाना, काठमाण्डौ।

५. किटजन्य रोग अनुसन्धान तथा तालीम विकास समिति (गठन) आदेश, २०५६ बमोजिम गठित किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, काठमाण्डौ।

६. मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९ बमोजिम गठित मानसिक अस्पताल, ललीतपुर।

७. नरदेवी आयुर्वेद अस्पताल विकास समिति (गठन) आदेश, २०५९ बमोजिम गठित नरदेवी आयुर्वेद अस्पताल, काठमाण्डौ।

८. मानव अंग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ बमोजिम गठित शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर।

९. राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०६९ बमोजिम गठित राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र, किर्तिपुर, काठमाण्डौ।

२५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-

(क) राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक श्री दिलिपराज रेग्मीको सेवा अवधि तीन वर्ष पूरा भइसकेकोले मिति २०७५/९/२३ देखि लागू हुने गरी निजलाई राष्ट्रिय अनुसन्धान विभागको सेवाबाट अवकाश दिने । साथै, राष्ट्रिय अनुसन्धान विभागको विभिन्न ओहदामा रही गर्नुभएको सेवाका लागि उहाँलाई धन्यवाद दिने ।

(ख) नेपाल विशेष सेवा नियमावली, २०४४ (अठारौं संशोधनसहित) को नियम ५.६ को उपनियम (१) बमोजिम सो विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री गणेशप्रसाद अधिकारीलाई निजको कार्यसम्पादन गर्नसक्ने क्षमता, उत्तरदायित्व बहन गर्नसक्ने खुबी तथा आफू मुनीका कर्मचारीहरूलाई नियन्त्रण, निर्देशन, प्रोत्साहन र परिचालन गर्नसक्ने क्षमताका आधारमा राष्ट्रिय अनुसन्धान विभागको रिक्त मुख्य अनुसन्धान निर्देशकको पदमा मिति २०७५/९/२३ देखि लागू हुने गरी बढुवा गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल पुस २९ गते आईतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको पाकिस्तान भ्रमण स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्तिसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी सार्वजनिक खरिद (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - तलव तथा अन्य सेवा, सुविधा बापत भुक्तानी हुने रकमको व्यवस्थापन गर्ने ।

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - लगानी सम्मेलन, २०१९ आयोजना गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

१०. अर्थ मन्त्रालय - कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा (शिशिरकुमार ढुङ्गाना) नियुक्ति गर्ने ।

११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - साल्ट ट्रेडिंङ्ग कर्पोरेशन लि. लाई चिनी आयात गर्न स्वीकृति दिने ।

१२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - Implementation Agreement of China Aid on Oil and Gas Resources Survey Project in Nepal स्वीकृत गर्ने ।

१३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको महाप्रबन्धक श्री प्रेम शंकर सिंहलाई पुनर्नियुक्ति गर्ने ।

१४. गृह मन्त्रालय - प्रहरी (छैठौं संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

१५. परराष्ट्र मन्त्रालय - नेपाल र फिलिपिन्स सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - विरेन्द्रनगर नगरपालिकामा शीतभण्डार निर्माणका लागि विनियोजित बजेट रु. ५० लाख LMBIS मा प्रविष्टि गर्ने ।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई G to G प्रक्रिया अवलम्बन गरी रेल गाडी खरिद कार्य अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१८. रक्षा मन्त्रालय - महासेनानी आशबहादुर तामाङ्गसमेत ५ जना महासेनानीहरूलाई सहायकरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा सहायकरथी शंकरबहादुर पण्डितसमेत २ जना सहायकरथीहरूलाई सरुवा गर्ने ।

१९. रक्षा मन्त्रालय - प्राविधिक प्रमुखसेनानी रमा सुब्बालाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - कम्बोडियामा आयोजना हुने संस्कृतिसम्बन्धी कार्यक्रममा सहभागिता विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - भारतको मुम्बईमा हुने Global Aviation Summit मा सहभागिता विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राष्ट्रिय किताबखाना सञ्चालनका लागि भवन उपलब्ध गराउने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राष्ट्रिय क्षमता विकास प्रतिष्ठान विधेयक विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको । छलफल गर्ने

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित नेतृत्वको प्रतिनिधिमण्डलको संयुक्त अरब इमिरेट्स भ्रमण स्वीकृत गर्ने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - प्रदेश स्वास्थ्य निर्देशनालयलगायतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - नेपाल पानीजहाज कार्यालयको संगठन संरचना र दरबन्द तेरिज स्वीकृत गर्ने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राजपत्राङ्कित विशिष्ट श्रेणीको महालेखा नियन्त्रक पदमा सूर्यप्रसाद गौतमलाई कायम मुकायम मुकरर गर्ने ।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - डा. प्रदीप के.सी. र डा. रामअधार यादवलाई स्थायी नियुक्ति गर्ने ।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - डा. अशेष ढुंगानालाई स्थायी नियुक्ति गर्ने ।

३०. नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री चन्द्रमान श्रेष्ठ (क.सं. १०४४५४) लाई बढुवा नियुक्तिको लागि सिफारिस गरिएकोमा निज सहसचिव चन्द्रमान श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिहरू जफत हुन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको र निज सहसचिव चन्द्रमान श्रेष्ठ स्वतः निलम्बन भएको व्यहोरा लेखिआएको हुँदा निलम्बन भएको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था रहेकोले सोको जानकारी बढुवा समितिको सचिवालयलाई गराउने ।

३१. गृह मन्त्रालय - आन्तरिक शान्ति र व्यवस्था कायम गर्ने सम्बन्धमा गर्न बनेको विधेयकलाई सङ्घीय संसद समक्ष पेश गर्न स्वीकृति दिने ।

३२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - "संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" लोक सेवा आयोगको परामर्शको लागि पठाउने।

३३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

३४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - समाज कल्याण परिषद्मा भएका आर्थिक, प्रशासनिकलगायतका अन्य अनियमितताका विषयको छानबिन गर्न र समाज कल्याण परिषद्को पुनसंरचना गर्नेसमेत विषयको अध्ययन गर्न गठित जाँचबुझ आयोगले गरेको सिफारिस अनुसार समाजकल्याण परिषद्का उपाध्यक्ष श्री नीलमणि बराल, कोषाध्यक्ष श्री वीरबहादुर ठगुन्ना, सदस्य श्री इन्द्रकुमार झा, सदस्य श्री गोकर्णप्रसाद भट्टलाई र सदस्य-सचिव श्री डिल्लीप्रसाद भट्टलाई पाँच दिनको म्याद दिई स्पष्टीकरण माग गर्ने र नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय नभएसम्म परिषद्का उपाध्यक्ष श्री नीलमणि बराल, कोषाध्यक्ष श्री वीरबहादुर ठगुन्ना र सदस्य-सचिव श्री डिल्लीप्रसाद भट्टलाई मन्त्रालयमा हाजिर गराउने । साथै, सदस्यद्वय श्री इन्द्रकुमार झा तथा गोकर्णप्रसाद भट्टलाई परिषद्को कुनै पनि कार्यमा संलग्न नगराउने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल माघ ३ गते विहिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् र नेपाल भ्रमण वर्ष २०२० को सचिवालय स्थापनाका लागि केशरमहल स्थित केशर पुस्तकालय रहेको मूल भवनको पहिलो तलाको पूर्व तर्फको भाग उपलब्ध गराउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — महाअभियोगसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय — विश्व बैंक समूहअन्तर्गत अन्तर्राष्ट्रिय पुनर्निर्माण तथा विकास बैंकको शेयर खरिद गर्ने

४. अर्थ मन्त्रालय — युरोपियन युनियन डेलिगेसन टु नेपालको प्राविधिक सहायता (अनुदान) १९,९६,१९९ युरो स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय — पुनर्निर्माणका लागि साउदी कोषसँग ऋण सहायता प्रासिका लागि अर्थ मन्त्रालय अन्तर्गत अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गरी अख्तियारी दिने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — गोरखकाली रबर उद्योग लि.का कर्मचारीहरुलाई अनिवार्य अवकाश दिने र कारखानाको वैकल्पिक व्यवस्थापन गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल औषधी लिमिटेडको महाप्रबन्धक पदबाट डा. रोभस कुसम सुवेदीले दिनुभएको राजीनामा स्वीकृत गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको — नेपाल—भारत वाणिज्य सन्धि 2009 को पुनरावलोकन सम्बन्धी दोश्रो बैठकका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रविशंकर सैजुको संयोजकत्वमा वार्ता टोली गठन गर्ने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ विषयको प्रस्ताव – मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — 17th Regular Session of the Commission on Genetic Resources for Food and Agriculture मा माननीय कृषि तथा पशुपन्छी विकास राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — अफ्रिकन स्वाइन फिभर रोग सार्न सक्ने वस्तुको पैठारीमा प्रतिबन्ध लगाउने ।

१२. गृह मन्त्रालय — नुवाकोट जिल्लाको दुप्चेश्वरमा भएको दुर्घटनाका घाइतेहरूको सरकारी खर्चमा उपचार गर्ने।

१३. गृह मन्त्रालय — क्षेत्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र गोदामघरहरूलाई प्रदेश स्तरमा रूपान्तरण गरी सञ्चालन गर्ने ।

१४. परराष्ट्र मन्त्रालय — नेपाल र स्वीट्जरल्याण्डबीच कूटनीतिक नियोगमा कार्यरत कूटनीतिक कर्मचारीको परिवारका आश्रित सदस्यलाई रोजगारका लागि अनुमति दिने सम्बन्धी सम्झौता स्वीकृत गर्ने ।

१५. परराष्ट्र मन्त्रालय — नेपाल सरकार र ओमान सरकारबीच कूटनीतिक तथा सरकारी/विशेष/सेवा राहदानी बाहकहरूलाई एक अर्को मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा छुट दिने सम्झौता स्वीकृत गर्ने ।

१६. परराष्ट्र मन्त्रालय — विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा सहभागी हुन सम्माननीय प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलको गठन गर्ने।

१७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — केन्द्रीय बाल कल्याण समितिको कार्यालयले गरिआएका कार्यक्रमलाई निरन्तरता दिने ।

१८. रक्षा मन्त्रालय — प्राविधिक महासेनानी खगेश्वर अर्यालको पदावधि थप गर्ने ।

१९. रक्षा मन्त्रालय — मित्रराष्ट्र भारतमा हुने शैक्षिक भ्रमण कार्यक्रमको नेतृत्व गरी सहभागी हुन उपरथी ईश्वर हमाललाई लाई स्वीकृति दिने ।

२०. रक्षा मन्त्रालय — प्राविधिक प्रमुखसेनानी अमित जोशीसमेत ३ जना प्राविधिक प्रमुखसेनानीहरूलाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गर्ने ।

२१. रक्षा मन्त्रालय — प्राविधिक महासेनानी दिपकप्रसाद बास्तोलालाई प्राविधिक सहायकरथी दर्जामा पदोन्नति गर्ने।

२२. रक्षा मन्त्रालय — महासेनानी यमबहादुर अधिकारीको पदावधि थप गर्ने ।

२३. वन तथा वातावरण मन्त्रालय — जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा ठैव, ललितपुरका श्री ज्ञानेश्वर कार्कीलाई नियुक्त गर्ने ।

२४. वन तथा वातावरण मन्त्रालय — रक्सौल—अमलेखगन्ज भूमिगत पेट्रोलियम पाइपलाइन विच्छ्याउने कार्यका लागि रुखहरू हटाउन दिने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — त्रियुगा नगरपालिकाको कार्यालय, गाईघाट, उदयपुरको राजपत्रअनंकित प्रथम श्रेणी नायव सुव्वा पदमा कार्यरत श्री खड्गबहादुर आलेको पत्नी श्री भोजकुमारी मगरलाई उपचार खर्च बापत रू. ५,००,०००/— (अक्षरेपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — रिडी इलाका हुलाक कार्यालय, गुल्मीको श्रेणी विहीन पाँचौ तह हल्कारा पदमा कार्यरत श्री थानेश्वर ज्ञवाली उपचार खर्च बापत रू. ५,००,०००/— (अक्षरेपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड निर्धारण गर्ने गरी संघीय कानून तर्जुमा प्रक्रिया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहका सरकारी कर्मचारीहरूको समायोजन गर्ने ।

२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – GSMA Ministerial Programme 2019 मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — शहीद शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, टेकु, काठमाडौंमा कार्यरत अ.न.मी. श्री विष्णा जोशीको उपचारको लागि रू. दश लाखसम्मको उपचार खर्च AIMS Hospital लाई दिल्लीस्थित नेपाली दुतावास मार्फत भुक्तानी गर्ने गरी नेपाली दुतावासको नाममा निकासा दिने ।

३१. परराष्ट्र मन्त्रालय — विदेशी नियोगहरूलाई नेपालमा जग्गा उपलब्ध गराउने ।

३२. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १ | श्री केदारबहादुर अधिकारी | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सचिव (वाणिज्य तथा आपूर्ति), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २ | श्री चन्द्रकुमार घिमिरे | सचिव (वाणिज्य तथा आपूर्ति), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

३३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — भाषा आयोगको सदस्य पदमा उषा हमाल, सुर्खेतलाई नियुक्त गर्ने ।

३४. गृह मन्त्रालय – विगतको सशस्त्र द्वन्द्वको क्रममा घाइते अपाङ्ग भएका व्यक्तिहरूको स्थानीयस्तरमा औषधी उपचार हुन नसकी राजधानीको वीर अस्पताललगायतमा औषधी उपचार गराएका नरवीर दमाई बडाभैरव –१०, दैलेख; मन दर्जी मेल्लमणी –७, कालीकोट; वीरबहादुर परियार तातोपानी –५, जुम्लालगायत ४४ (चवालीस) जना व्यक्तिहरूलाई औषधी खर्च, आतेजाते खर्च, होटलबास खर्च र कुरुवा खर्चसमेतको लागि खर्च भएको दश लाख रुपैयाँ गृह मन्त्रालयलाई शोधभर्नाबापत उपलब्ध गराउने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल माघ १४ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — न्याय सेवा आयोगबाट सिफारिश भए बमोजिम ईश्वरीप्रसाद वन्जाडे समेतका ७ जनालाई नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित प्रथम श्रेणी सहन्यायाधिवक्ता पदमा बढुवा गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडलाई मिलाई आपूर्तिसम्बन्धी कार्य गर्ने व्यवस्थाका लागि उपयुक्त नामसहित छुट्टै कम्पनीमा रूपान्तरण गर्ने आवश्यक प्रक्रिया अघि बढाउन सैद्धान्तिक स्वीकृति दिने ।

३. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — न्यूयोर्कमा सञ्चालन हुने Conservation and sustainable use of marine biological diversity beyond areas of national jurisdiction (BBNJ) को Inter–Governmental Conference मा सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतम नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने ।

४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत लालबहादुर कुँवरलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति गरी सर्वोच्च अदालतको रजिष्ट्रार पदमा पदस्थापन गर्ने ।

५. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत निर्मला पौडेल समेत १५ जना अधिकृतहरुको सरुवा गर्ने ।

६. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत विष्णुकाजी थापा समेत ८ जनालाई नेपाल न्याय सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवको पदमा बढुवा गर्ने ।

७. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — न्याय परिषद्को सचिव पदमा कार्यरत श्री नृपध्वज निरौलालाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार पदमा बढुवा नियुक्ति गर्ने।

८. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत सुशील कोइराला समेत ८ जनाको सरुवा गर्ने ।

९. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१०. गृह मन्त्रालय — विगतका जनआन्दोलन, सशस्त्र द्वन्द्व र मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका गरी जम्मा २८०७ जना राष्ट्रसेवकहरुलाई शहीद घोषणा गरी नाम नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

११. गृह मन्त्रालय — मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकबाट सिफारिस भएबमोजिम मदन भण्डारी फाउण्डेशन, काठमाडौंको संशोधित विधान स्वीकृत गर्ने ।

१२. परराष्ट्र मन्त्रालय — राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ संशोधन गर्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुन नसकेका ठेक्का सम्झौताहरुको म्याद नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्नेगरी थप गर्ने ।

१४. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय — World Government Summit 2019 मा सहभागिताका लागि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण राज विष्टको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने र उक्त Summit कै अवधिमा हुने Abu Dhabi Dialogue (ADD) सदस्य राष्ट्रहरुको Senior Officials Meeting मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री महेश प्रसाद दहाललाई सहभागी हुन स्वीकृती दिने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — मिक्वाखोला गाउँपालिका र ठोरी गाउँपालिका केन्द्र र बोगटान गाउँपालिकाको नाम परिवर्तन गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सुरक्षण मुद्रण सम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सवारी चालक तथा सहयोगी नियुक्ति गर्ने ।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — भारतको नयादिल्लीमा हुने Fourth Summit of Global Digital Health Partnership (GDHP) विषयक कार्यक्रममा मा. उपप्रधानमन्त्री एव स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको सहभागिताको लागि स्वीकृति दिने ।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — देहायबमोजिमका विकास समितिहरू संघअन्तर्गत यथावत रहने गरी कायम गर्ने—

(क) जि.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र विकास समिति (गठन) आदेश, २०७० बमोजिम गठित जि.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र, दुलेगौंडा, तनहुँ ।

(ख) सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७३ बमोजिम गठित सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, नेपालगञ्ज, बाँके ।

२१. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री दिपक सुवेदीलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २, जनकपुरको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा पदस्थापन गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल माघ २१ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सहन्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे लगायत १३ जना सहन्यायाधिवक्ताहरूको सरुवा गर्ने ।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - स्विटजरल्याण्डको जेनेभामा आयोजना हुने विश्वव्यापी सामाजिक संरक्षण एवम् विश्वव्यापी बाल अनुदान विषयक सम्मेलनमा राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. रामकुमार फुयाँललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।
३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपाल न्याय सेवा, सरकारी वकिल समूहका रा.प. विशिष्ट तथा रा.प. प्रथम श्रेणीका कर्मचारीहरुको समायोजन गर्ने ।
४. अर्थ मन्त्रालय - इजरायलको जेरुसलेममा आयोजना हुने एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) र युरोपेली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (युरोसाई) को तेश्रो संयुक्त सम्मेलनमा महालेखापरीक्षक टंकमणि शर्मा दंगाल र नायब महालेखापरीक्षक दामोदर पुडासैनीलाई लाई सहभागी हुन स्वीकृति दिने ।
५. अर्थ मन्त्रालय - लगानी सम्मेलनको लागि संयुक्त अधिराज्य बेलायतमा हुने कार्यक्रममा सहभागी हुन माननीय अर्थमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने।
६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - दुवईमा आयोजना हुने Ninth Edition of the Annual Investment Meeting (AIM) तथा Startup Nations Ministerial Meeting मा भाग लिन माननीय मन्त्री र सचिव यामकुमारी खतिवडालाई स्वीकृति दिने ।
७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - नेपाल खाद्य संस्थानको माईतीघर मण्डलास्थित कित्ता नं. ११ र १२ को जग्गा महान्यायायधिवक्ताको कार्यालयलाई बिक्रि गर्न स्वीकृति दिने ।
८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक पदमा श्री मधुसुदन अधिकारी, काठमाडौंलाई ४ वर्षका लागि नियुक्त गर्ने ।
९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई भारतको नयाँ दिल्लीमा आयोजना हुने World Sustainable Development Summit मा सहभागी हुन स्वीकृति दिने।
१०. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय - सहसचिव श्री देवेन्द्रराज ढकाललाई नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा बढुवा गरी न्याय परिषद्को सचिव पदमा पदस्थापन गर्ने ।
११. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय - नेपाल न्याय सेवाका बिशिष्ट श्रेणी र रा.प. प्रथम श्रेणीका कर्मचारीहरूलाई न्याय सेवा आयोगको सिफारिस बमोजिम संघको समान श्रेणी र पदमा समायोजन गर्ने ।
१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - 42th Regular Session of the Governing Council of the International Fund For Agriculture Development मा माननीय मन्त्री तथा सचिवलाई सहभागी हुन स्वीकृति दिने ।
१३. खानेपानी मन्त्रालय - नेपाल खानेपानी संस्थानको सञ्चालक समिति अध्यक्षमा जिउलाल चौधरी, कन्चनपुर तथा सदस्यमा संगीता भट्टराई रेग्मी, चितवन र राम बहादुर थापा, सिन्धुलीलाई नियुक्ति गर्ने ।
१४. गृह मन्त्रालय - बारा जिल्लामा भएको सवारी दुर्घटनाका घाइते प्रमुख जिल्ला अधिकारी तथा अन्य कर्मचारीलाई उपचार खर्च ब्यहोर्ने ।
१५. गृह मन्त्रालय - माननीय गृहमन्त्रीको अष्ट्रियाको भियनामा हुने भ्रमण स्वीकृत गर्ने।
१६. गृह मन्त्रालय - भिसा तथा विलम्ब शुल्क मिनाहा दिने ।
१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्तासम्बन्धी आदेश, २०७५ स्वीकृत गर्ने ।

१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - मुस्ताङ्ग जिल्लास्थित कोरलानाका भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्ने सम्बन्धी समिति गठन आदेश, २०७५ स्वीकृत गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - मेची महाकाली विद्युतीय रेलमार्गमा पुरै जग्गा परेका जग्गाधनीहरुलाई ७५ प्रतिशत, सो भन्दा कम जग्गा परेकालाई ६६ प्रतिशत र घर, टहरा, पर्खाल आदिको हकमा जिल्लाको दररेट अनुसार क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - साविक कालिकोट छाप्रे गा.वि.स.को निर्माणाधीन वालिघाट खोला पुल र छिडेना खोला पुल निर्माणको लागि पुल तथा पहुँच सडकमा पर्ने घर, जग्गाहरुको जग्गा अधिग्रहण गरी मुआब्जा/क्षतिपूर्ति रकम उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - गणेशमान सिंह मार्ग (थानकोट–चितलाङ्ग), खुटिया–विपिनगर–गडसेरा–दिपायल सडक र तिनका लागि सम्बन्धित प्रदेशमा विनियोजित बजेट समेत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत ल्याई संचालन गर्ने ।

२२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - निर्वाचनको क्रममा क्षति भएका सवारी साधनका धनिहरुलाई क्षतिपूर्ति वापत जम्मा रु.३,४६,५०३।– (अक्षेरेपी तीनलाख छयालिस हजार पाँच सय तीन मात्र) उपलब्ध गराउने ।

२३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - डिप्लोमा इन्जिनियरिङ परिषद् सम्बन्धी ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - दोभान–ओलाङचुगोला सडक खण्ड, ताप्लेजुङ् र धनकुटा मुलघाट माझिटार शुभांग लिम्बुवान पुल दोभान (तमोर कोरिडोर), ताप्लेजुङ् एवं मदन भण्डारी मार्ग (बसन्तपुर–गुफापोखरी–सभापोखरी–ढुंगेसाँघु दोभान संखुवासभा/ताप्लेजुङ्ग) सडक र तिनका लागि सम्बन्धित प्रदेशमा विनियोजित बजेट समेत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत ल्याई संचालन गर्ने ।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई जापानमा हुने Physical Infrastructure and Transport to Japan on Urban Transport विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - जयपृथ्वी नगरपालिकामा अनाथ आश्रम निर्माण गर्न सशर्त अनुदान उपलब्ध गराउने।

२७. युवा तथा खेलकुद मन्त्रालय - युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय खेलकुद परिषदको संगठन संरचना र दरबन्दी स्वीकृति गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२८. रक्षा मन्त्रालय - प्राविधिक महासेनानी द्वय डा. सुशिलबहादुर रावल र डा. ईभा श्रेष्ठलाई प्राविधिक सहायकरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२९. रक्षा मन्त्रालय - प्राविधिक सहायकरथी कमाल सिंह प्रधानको पदावधि थप गर्ने ।

३०. रक्षा मन्त्रालय - प्राविधिक महासेनानी उमेश्वर यादवको पदावधि थप गर्ने ।

३१. वन तथा वातावरण मन्त्रालय - चिलिमे–त्रिशुली १३२/२२० के.भी. प्रसारणलाइन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३२. वन तथा वातावरण मन्त्रालय - महाकाली सिँचाइ आयोजनालाई अस्थायी रूपले वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

३३. वन तथा वातावरण मन्त्रालय - माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजना (१४.३० मे.वा.) निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३४. वन तथा वातावरण मन्त्रालय - बी. एस. सिमेण्ट इन्डष्ट्रिज प्रा.लि.लाई चूनढुङ्गा उत्खनन गर्न वन क्षेत्र प्रयोग गर्न दिने ।

३५. वन तथा वातावरण मन्त्रालय - मकरी गाड जलविद्युत आयोजना (१० मे.वा.) निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३६. वन तथा वातावरण मन्त्रालय - बुर्तिवाङ–पौदीअमराइ–तम्घास–सन्धिखर्क–गोरुसिगें १३२/३३ के.भी. सवस्टेशन निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३७. वन तथा वातावरण मन्त्रालय - अछाम जिल्लाको साँफेबगरमा पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समयानुकुल आयोजना कार्यान्वयन इकाई स्थापना गर्ने ।

३८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०७५ स्वीकृत गर्ने ।

३९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - वीर सहिद गंगालाल श्रेष्ठको जन्मशताब्दी मनाउन ५ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

४०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सुशील नाथ प्याकुरेल (अधिकृत बाह्रौं)लाई राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको संघको समान श्रेणी र पदमा समायोजन गर्ने ।

४१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संघीय निजामती सेवा विधेयकको मस्यौदा संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

४२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका सरकारी कर्मचारीहरूको समायोजन गर्ने ।

४३. सहरी विकास मन्त्रालय - एशियाली विकास बैंकबाट नेपाल सरकारलाई प्राप्त अनुदानमध्ये साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुमा लगानी भएको रु. ६० करोड ऋण नेपाल सरकारको शेयर लगानीको रुपमा रहने गरी परिणत गर्ने ।

४४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - मधेश आन्दोलनका घाइते पानालाल यादवलाई उपचार खर्च उपलब्ध गराउने ।

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति स्वीकृति गर्ने।

४६. वन तथा वातावरण मन्त्रालय - जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृति गर्ने।

४७. वन तथा वातावरण मन्त्रालय - राष्ट्रिय वन नीति, २०७५ स्वीकृति गर्ने ।

४८. गृह मन्त्रालय - गैरसरकारी संस्था महासंघ नेपालको (दोश्रो संशोधन) विधान, २०७४ स्वीकृत गर्ने।

४९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५१. अर्थ मन्त्रालय - हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ जारी गर्ने ।

५२. अर्थ मन्त्रालय - संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५३. महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - समाज कल्याण परिषद्का उपाध्यक्ष नीलमणि बराल, कोषाध्यक्ष वीरबहादुर ठगुन्ना, सदस्य इन्द्रकुमार झा, सदस्य गोकर्णप्रसाद भट्ट र सदस्य सचिव डिल्लीप्रसाद भट्टलाई तीन दिनको म्याद दिई पुनः स्पष्टीकरण माग गरी पेश गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल माघ २५ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. अर्थ मन्त्रालय - नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (MCC) बीच सम्पन्न "मिलेनियम च्यालेन्ज कम्प्याक्ट" अनुमोदनका लागि संघीय संसदमा पेश गर्ने ।

२. अर्थ मन्त्रालय - औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको महाप्रबन्धक पदमा सुवास सिटौलालाई नियुक्त गर्ने।

३. अर्थ मन्त्रालय - बजेट कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सेफगाड्‌र्स, एन्टी–डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. गृह मन्त्रालय - नागरिकता (मायादेवी थापा क्षेत्री) सदर/बदर सम्बन्धमा पुनः निर्णय गर्न काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुमति प्रदान गर्ने ।

६. गृह मन्त्रालय - भारतमा आयोजना हुने Synergised National Response to EmergingIED and Terrorist Threats बिषयक Seminar मा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक गणेश प्रसाद अधिकारीलाई भाग लिन जान स्वीकृति दिने ।

७. गृह मन्त्रालय - अध्यागमन नियमावली, २०५१ को अनुसूची ११ संशोधन गर्ने ।

८. गृह मन्त्रालय - लागू औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ स्वीकृति गर्ने ।

९. युवा तथा खेलकुद मन्त्रालय - क्रिकेट, साग फुटबल एवं WBPF World Championship मा सफलता प्राप्त खेलाडी, प्रशिक्षक तथा अफिसियलहरुलाई पुरस्कार (जम्मा रु.१ करोड ५६ लाख) प्रदान गर्ने ।

१०. युवा तथा खेलकुद मन्त्रालय - राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

११. रक्षा मन्त्रालय - सहायकरथी बालकृष्ण कार्कीसमेत ५ जना सहायकरथीहरूलाई उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा उपरथी कर्मेन्द्र विक्रम लिम्बुसमेत ५ जना उपरथीहरूलाई सरुवा गर्ने ।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल दूरसञ्चार प्राधिकरणका वरिष्ठ निर्देशक श्री पुरुषोत्तम खनाललाई नेपाल दूरसञ्चार प्राधिकरणमा कार्यवाहक अध्यक्ष तोक्ने ।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - चलचित्र विकास बोर्डको अध्यक्ष श्री नीकिता पौडेलले दिएको राजिनामा स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल फागुन ३ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मूख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - मन्त्रालय अन्तर्गतका विभिन्न संस्थान, कम्पनी तथा समितिहरूलाई निरन्तरता दिने ।

विकास समिति ऐन २०१३ बमोजिम गठितः

१. व्यापार तथा निकासी प्रवद्धन विकास समिति

२. नेपाल इन्टरमोडल यातायात विकास समिति

छुट्टै कानूनद्वारा स्थापितः

३. नेपाल आयल निगम लिमिटेड

४. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

५. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका (वाणिज्य तथा आपूर्ति) सचिवलाई नेपाल खाद्य संस्थानको सञ्चालक समितिको अध्यक्ष तोक्ने ।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - उच्च अदालत विराटनगरमा गठित वाणिज्य इजलासको प्रादेशिक क्षेत्राधिकार अन्तर्गतबाट इलाम इजलास हटाई उच्च अदालत विराटनगर इलाम इजलासमा समेत वाणिज्य इजलास गठन गरी सो अदालतको क्षेत्राधिकार उच्च अदालत विराटनगर इलाम इजलासको प्रादेशिक क्षेत्राधिकार भित्र रहने गरी कायम गर्ने र सो सम्वन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - भुकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिमको पुनरावेदन समितिको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री नरेन्द्रकुमार शिवाकोटीलाई तोक्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सौन्दर्य माछाका भूराको गैरकर राजस्वका दर निर्धारण गर्ने ।

६. गृह मन्त्रालय - राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली अन्तर्गतका कार्यक्रमहरू सबै जिल्लामा एकैसाथ विस्तार गर्न सैद्धान्तिक स्वीकृति दिने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - यातायात प्राधिकरण ऐन, २०७५ को विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अदालतको फैसलामा सरकारी कोषबाट पीडितलाई तत्कालै क्षतिपूर्ति रकम भराई दिने भनि उल्लेख भएको अवस्थामा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित पीडितलाई उपलब्ध गराउने ।

९. युवा तथा खेलकुद मन्त्रालय - नेपाल स्काउटसम्बन्धी व्यवस्था गर्न नयाँ ऐन तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने ।

१०. वन तथा वातावरण मन्त्रालय - पाँचखाल-मेलम्ची सडकको स्तरोन्नति गर्नको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत स्थापना गरिने तीनओटा मेडिकल कलेजहरुको भौतिक पूर्वाधार निर्माण विकास कार्य सञ्चालन गर्न २०७६ असार मसान्तसम्मका लागि अस्थायी संगठन संरचना र राजपत्रांकित श्रेणीका ९ (नौ) पदको अस्थायी दरबन्दी सिर्जना गर्ने ।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - प्रत्येक वर्षको फाल्गुण १ गतेलाई "रोजगार दिवस"का रुपमा मनाउने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - प्रदेश निजामती सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड निर्धारण गर्ने गरी संघीय कानून तर्जुमा प्रक्रिया अगाडी बढाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - अन्तर्गत प्रदेश नं ४ र ५ मा जिल्ला तहमा Optical Fiber Network निर्माण र Optical Network Lease Connectivity सेवा सम्बन्धी भएको करार सम्झौता रद्द गरी नेपाल दूरसञ्चार कम्पनीसंग उक्त कार्य गर्नका लागि नयाँ सम्झौता गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाइ निर्देशन दिने।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - विशेषज्ञ सेवा प्रदान गर्नका लागि देहायका अस्पतालहरूलाई संघीय सरकार अर्न्तगत राखी व्यवस्थापन गर्नेः

१ .कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ ।

२ .नारायणी उप क्षेत्रिय अस्पताल, विरगञ्ज, पर्सा ।

३ .भरतपुर अस्पताल, चितवन ।

४ .भेरी अञ्चल अस्पताल, नेपालगञ्ज, बाँके ।

५ .डडेलधुरा उप क्षेत्रिय अस्पताल, डडेलधुरा ।

१६. विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

१७. सार्वजनिक-निजी साझेदारी तथा लगानी विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१८. समाज कल्याण परिषद्का उपाध्यक्ष श्री नीलमणि बराल, कोषाध्यक्ष श्री वीरबहादुर ठगुन्ना, सदस्य श्री इन्द्रकुमार झा, सदस्य श्री गोकर्णप्रसाद भट्ट र सदस्य-सचिव श्री डिल्लीप्रसाद भट्टले बदनियतपूर्ण र कानुन विपरीत कार्यहरूसमेत गरी समाज कल्याण परिषद्लाई हानी पुर्याएकोले निजहरुलाई पदमुक्त गर्ने र समाज कल्याण परिषद्मा भएका आर्थिक, प्रशासनिकलगायतका अन्य अनियमितताका सम्बन्धमा प्रचलित कानुनबमोजिम थप अनुसन्धान गरी कानुनी कारबाही गर्न उक्त प्रतिवेदनको प्रतिलिपि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल फागुन ६ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मूख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् (गठन) आदेश, २०७५ स्वीकृत विषयको प्रस्ताव–मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२. अर्थ मन्त्रालय - Agreement for the avoidance of double Taxation and Prevention of Fiscal Evasion with Respect to Taxes on income (द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता) मा अर्थ मन्त्रालयको सचिवलाई हस्ताक्षर गर्ने अख्तियारी दिने।

३. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय - दाना पदार्थ ऐन, २०३३ लागू हुन बाँकी रहेका जिल्लाहरुमा समेत लागू गर्ने र सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - महानेहरुको काम, कर्तव्य तथा सेवा, शर्त, सुविधा सम्बन्धी विनियमावली, २०६६ (तेस्रो संशोधन) २०७५ लाई स्वीकृत गर्ने ।

५. रक्षा मन्त्रालय - महासेनानी गणेशकुमार श्रेष्ठलाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - दलित साहित्यकार सम्मेलनमा भाग लिई फर्केका नेपाल दलित साहित्य अकादमीका प्रतिनिधिमण्डल र अन्तर्राष्ट्रिय दलित सम्मेलनमा भाग लिइ फर्केका नेपाल भारत दलित मैत्री संघका प्रतिनिधिमण्डललाई क्रमश रु. दुई/दुई लाख गरी जम्मा रु.चार लाख आर्थिक सहयोग उपलब्ध गराउने।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री सूर्यप्रसाद गौतमलाई बढुवा गरी महालेखा नियन्त्रक कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको महालेखा नियन्त्रक पदमा पदस्थापन गर्ने ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ७ उपदफा (९) बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीका महालेखा नियन्त्रक सूर्यप्रसाद गौतमलाई संघको समान श्रेणी र पदमा समायोजन गर्ने ।

९. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउनेः
(क) पूर्व मन्त्री भरतमोहन अधिकारीलाई दश लाख रूपैयाँ ।
(ख) सुनिता रेग्मी, घ्याल्चोक-५, गोरखालाई चार लाख रूपैयाँ ।
(ग) देवीप्रसाद रेग्मी, झापालाई सात लाख रूपैयाँ ।

१०. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री दीपेन्द्रनाथ शर्मा | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) | सचिव, खानेपानी मन्त्रालय |
| २. | श्री विष्णुप्रसाद लम्साल | सचिव, रक्षा मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री गजेन्द्रकुमार ठाकुर | सचिव, खानेपानी मन्त्रालय | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय |
| ४. | श्री मोहनकृष्ण सापकोटा | सचिव, युवा तथा खेलकुद मन्त्रालय | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ५. | श्री कृष्णप्रसाद देवकोटा | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, युवा तथा खेलकुद मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ६. | श्री रेश्मिराज पाण्डे | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, रक्षा मन्त्रालय |

११. विक्रम सम्वत् २०७६ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने विषयको गृह मन्त्रालयको ८/१४६-०७५।१०।२५ को प्रस्ताव मं.प.बै.सं. ५५/०७५ मिति २०७५।१०।२५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।११।३ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकबाट सिफारिस भएकोमा गृह मन्त्रालयबाट प्रस्तावित "विक्रम सम्वत् २०७६ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय" विक्रम सम्बत् २०७५ सालको लागि स्वीकृत भए अनुरूप नै कायम गर्ने । सोको तिथि, मिति, बार र आवश्यक अन्य विवरण विक्रम सम्वत् २०७६ सालको पात्रोअनुसार गृह मन्त्रालयले मिलाई नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल फागुन १३ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मुख्य बेयहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - Asia-Pacific Forum on Sustainable Development मा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलको नेतृत्वको ३ (तीन) सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालय - सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको महाप्रबन्धक पदमा अञ्जना ताम्राकारलाई पुनर्नियुक्ति गर्ने ।

४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय - Zambia को Livingstone मा आयोजना हुने (CALRAs) को आठौं सम्मेलनमा भाग लिन नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने ।

५. परराष्ट्र मन्त्रालय - महिलाहरूको अवस्थासम्बन्धी आयोगको ६३ औं अधिवेशनको अवसरमा आयोजना हुने Women in Power विषयक उच्चस्तरीय कार्यक्रममा सहभागी हुने सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी नेतृत्वको नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने ।

६. वन तथा वातावरण मन्त्रालय - वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना कार्यान्वयन इकाई (अस्थाई), साँफेवगर, अछामका लागि राजपत्रांकित श्रेणीको ४ अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संघको पदमा समायोजन भएका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका सरकारी कर्मचारीहरुलाई समान सेवा र श्रेणीमा पदस्थापन गर्ने ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - काठमाडौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्यलाई दक्षिण कोरिया भ्रमण गर्न स्वीकृत प्रदान गर्ने ।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - बेलबारी नगरपालिका मोरङको स्वामित्वमा रहेको बेलबारी १-कि.न .६७ को ० २-६-बिगाह जग्गा बेलबारी इलाका प्रहरी कार्यालयको नाममा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति दिने।

१०. राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

११. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरूको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१२. सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय मोहनराज मल्ललाई भारतमा उपचार गर्न जाने क्रममा प्रयोग हुने Air Ambulance, फर्कंदाको हवाई भाडा र औषधिउपचार गराउँदा लागेको बिलबमोजिमको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल फागुन १५ गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मूख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. २०७५ फागुन १५ गते तेह्रथुम जिल्लाको चुहानडाँडालगायत पूर्वाञ्चल क्षेत्रमा विमानस्थलहरूको सम्भाव्यता अध्ययन एवं स्थलगत निरीक्षणका क्रममा स्थानीय जनप्रतिनिधि, विभिन्न निकायका पदाधिकारी एवं सरोकारवालाहरूसँग अन्तरक्रियापश्चात् सम्भाव्य स्थानहरूको स्थलगत निरीक्षण सम्पन्न गरी काठमाडौं फर्कने क्रममा उहाँहरू चढ्नु भएको एयर डाइनेष्टिको 9NAMI AS350 B3e हेलिकप्टर पाथीभरा मन्दिरको पश्चिमतर्फ फुङलिङ नगरपालिका, वडा नं. १० मा पर्ने फुरुम्बु दारेढुङ्गा सिस्नेभिर क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रप्रसाद अधिकारीज्यूलगायत हेलिकोप्टरमा सवार सबैजनाको दुःखद् निधन भएकोले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्नुका साथै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना र सहानुभूति प्रकट गर्ने ।

मिति २०७५ फागुन १६ गते बिहीबारलाई राष्ट्रिय शोकको दिन घोषणा गरी स्वदेशस्थित सम्पूर्ण सरकारी एवं सार्वजनिक कार्यालयहरू, शैक्षिक सस्थाहरू र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरूलाई सार्वजनिक विदा दिने । सबै सरकारी कार्यालयहरूमा सो दिन राष्ट्रिय झण्डा आधा झुकाउने ।

उक्त दुर्घटनामा दिवङ्गत हुनुभएकाहरूको अन्तिम संस्कार राजकीय सम्मानकासाथ गर्ने प्रबन्ध गृह मन्त्रालयले मिलाउने ।

२. २०७५ फागुन १५ गते एयर डाइनेष्टिको 9NAMI AS350 B3e हेलिकप्टर पाथीभरा मन्दिरको पश्चिमतर्फ फुङलिङ नगरपालिका, वडा नं. १० मा पर्ने फुरुम्बु दारेढुङ्गा सिस्नेभिर क्षेत्रमा भएको दुर्घटनाको सम्बन्धमा विस्तृत जाँचबुझ गरी सुझावसहितको प्रतिवेदन यथाशीघ्र पेश गर्न गैरसैनिक हवाई उडान दुर्घटना) जाँच( नियमावली, २०७१ को नियम १० बमोजिम देहायको चार सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने -

(क) श्री यज्ञप्रसाद गौतम, पूर्वसचिव, नेपाल सरकार - अध्यक्ष

(ख) श्री दीपकप्रसाद बाँस्तोला, सहायकरथी, नेपाली सेना - सदस्य

(ग) क्या. प्रमोद लामा, महासेनानी अवकाशप्राप्त)) - सदस्य

(घ) श्री बुद्धिसागर लामिछाने, सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य सचिव

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

**सम्बत् २०७५ साल फागुन १९ गते आईतवार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूको मूख्य ब्यहोरा देहाय बमोजिम रहेको छः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -

क) नागरिक अधिकार मोवाईल एप्सको प्रणाली परिक्षण तथा सञ्चालनका लागि गृह मन्त्रालय अन्तर्गत रहेको नागरिकताको विवरण एवम् निर्वाचन आयोगबाट गृह मन्त्रालयमा हस्तान्तरण भई प्रयोगमा आएको मतदाता नामावलीको विवरण सुरक्षित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि उपयोग गर्ने गरी उपलब्ध गराउने ।

ख) नेपाल सरकारका विभिन्न निकायहरुमा प्रयोगमा ल्याइएका विद्युतीय सूचना प्रणालीहरु नागरिक अधिकार मोवाईल एप्सको विकास, परीक्षण तथा सञ्चालनका लागि सूचनाको सूरक्षा र गोपनीयताको सुनिश्चितता हुने गरी एक अर्का निकायका प्रणालीहरुबीच अन्तरआबद्धता कायम गरी उपयोग गर्न स्वीकृति प्रदान गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - जेनेभामा आयोजना हुने "Natural Disasters and Trade Symposium" कार्यक्रममा संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, जेनेभाबाट भाग लिने ।

३. नुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय - राजश्व न्यायाधिकरण विराटनगरको अध्यक्षमा माननीय न्यायाधीश श्री प्रेमराज कार्कीलाई र राजश्व न्यायाधिकरण नेपालगञ्जको अध्यक्षमा माननीय न्यायाधीश श्री हेमराज पन्तलाई तोक्ने ।

४. गृह मन्त्रालय - Third Meeting of the BIMSTEC National Security Chiefs विषयक कार्यक्रममा सहभागी हुन नेपाल प्रहरीका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

५. परराष्ट्र मन्त्रालय - विदेशस्थित नेपाली नियोगहरुमा सरूवा भई जाने नियोग प्रमुख तथा अधिकृत कर्मचारीहरुले आफूसंगै लैजाने Service Staff हरुलाई आफ्नो कार्यकाल समाप्त भएपश्चात नेपाल फिर्ता ल्याउने र राहदानी विभागमा निजको राहदानी बुझाउने करारनामा गर्ने गरी साधारण राहदानीको सट्टा विशेष राहदानी उपलब्ध गराउने।

६. रक्षा मन्त्रालय - संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना कार्यको लागि Central African Republic (CAR) मा तैनाथ श्री दुर्गाबक्स गण र श्री सैनिक प्रहरी युनिटको अपरेशन तथा बन्दोबस्ती पक्षको निरीक्षण भ्रमण गर्न नेपाली सेनाका बलाध्यक्ष रथी श्री शरद कुमार गिरीलाई स्वीकृति दिने।

७. भारतका लागि नेपालको आवासीय राजदूत श्री निलाम्बर आचार्य र संयुक्त राज्य अमेरिकाका लागि नेपालको आवासीय राजदूत डा. अर्जुनकुमार कार्कीलाई नेपाल सरकारको मन्त्रीसरह मर्यादा कायम गर्ने।

८. उत्पादन र उत्पादकत्व वृद्धिको लागि सीप विकास, प्रविधि विकास, तालिम, नवप्रवर्तन तथा व्यवसायको विकासमा सहजिकरणका लागि उपयुक्त एकीकृत संरचना र कार्यप्रणालीको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिससहितको प्रतिवेदन पेश गर्न देहायको समिति गठन गर्ने–

| | |
|---|---|
| (क) माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री | - संयोजक |
| (ख) माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री | - सदस्य |
| (ग) माननीय अर्थमन्त्री | - सदस्य |

९. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृत गर्ने ।

१०. पाथीभरा क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने ।

११. उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् (गठन) आदेश, २०७५ स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**

## सम्बत् २०७५ साल फागुन २६ गते आइतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - ESCAP को आयोजनामा थाइल्याण्डको बैंककमा सम्पन्न हुने "Sixth Session of the Committee on Trade and Investment" विषयक कार्यक्रममा भाग लिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति) का सचिव केदार बहादुर अधिकारीलाई स्वीकृति दिने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - जनवादी गणतन्त्र चीन र नेपाल सरकारबीचको पारवहन ढुवानी सम्झौता कार्यान्वयनको प्रोटोकल स्वीकृत गरी सोमा हस्ताक्षर गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ती) लाई अख्तियारी प्रदान गर्ने।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय - चीनको Yibin मा आयोजना हुने 3rd Annual International Tea Conference मा सहभागी हुन माननीय कृषि तथा पशुपन्छी बिकास मन्त्री श्री चक्रपाणि खनाललाई स्वीकृति दिने ।

४. गृह मन्त्रालय - गैरकानूनी रुपमा लामो समयसम्म नेपालमा बसोबास गरिरहेका (UNHCR बाट नामांकन भएको) ५ जना अफगानीस्तानका नागरिकहरुको अध्यागमन ऐनको दफा १०(४) बमोजिम हुने अधिकतम जरिवाना रु.२५००००।- र अध्यागमन विभागबाट भिसा शुल्क वापत असुल हुन तोकिएको ३०५६०।- अमेरिकी डलर र निजहरु नेपालबाट वाहिर प्रस्थान नगरेसम्मको अवधिको भिसा शुल्क समेत मिनाहा गर्ने।

५. रक्षा मन्त्रालय - थाइल्याण्डको Thai Airways International Public Company Ltd. Bangkok मा संचालन हुने Simulator, Flight Training Devices (FTD) तालिममा नेपाली सेनाका पाईलट उपरथी सुधिर श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने ।

६. रक्षा मन्त्रालय - संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा हुने "२०१९ United Nations Peacekeeping Ministerial on Uniformed Capabilities, Performance and Protection" विषयक रक्षामन्त्रीस्तरीय बैठकमा सहभागी हुन माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेललाई स्वीकृति दिने ।

७. रक्षा मन्त्रालय - सैनिक सेवा (दोस्रो संशोधन) नियमावली, २०७५ को मस्यौदा उपर लोकसेवा आयोगको राय परामर्श माग गर्न स्वीकृति प्रदान गर्ने ।

८. वन तथा वातावरण मन्त्रालय - वातावरण संरक्षण सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

९. वन तथा वातावरण मन्त्रालय - श्रीलंकाको कोलम्बोमा सञ्चालन हुने ९th South Asia-Sub Regional Committee Meeting on Asia-Pacific Network for Global Change Research (APN) कार्यक्रममा हुने सदस्य राष्ट्रहरुको बैठकमा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीलाई स्वीकृति दिने ।

१०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - जेनेभामा हुने अन्तर्राष्ट्रिय श्रम संगठनको ३३५ औं गभर्निङ्ग बडीको बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव महेश प्रसाद दहाललाई भाग लिने गरी स्वीकृति दिने ।

११. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा सुन्दरहरैचा-६, मोरङ निवासी श्री पित कुमार श्रेष्ठलाई पाँच बर्षको लागि नियुक्त गर्ने ।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सार्क सचिवालय काठमाण्डौंमा १ पद र विमिस्टेक सचिवालय ढाकामा १ पद गरी नेपाल परराष्ट्र सेवा, राजपत्रंकित द्धितीय श्रेणी, उप सचिव पद २ सिर्जना गर्ने।

१३. औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१४. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री देवकुमारी गुरागाईलाई नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने ।

१५. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री माधव बेल्बासेलाई नेपाल इन्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी राष्ट्रिय सतर्कता केन्द्रको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख अधिकृत पदमा पदस्थापन गर्ने ।

१६. निर्वाचन आयोगका सचिव श्री मधुप्रसाद रेग्मीको अनिवार्य अवकास ।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**